आज मिति २०७८।९।५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मान्नधर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

खिम नारायण मानन्धर
अध्यक्ष

CamScanner

खिम नारायण मानन्धर
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | हरिनास गाउपालिका कार्यालय |
| | लालचन गैह्रे | हरिनास गाउपालिका कार्यालय |
| | नोल बहादुर थापा | हरिनास गाउपालिका कार्यालय |

निर्णय नं १ - हरिनास गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम कृषि अनुदान कार्यक्रममा निवेदन समेतका कागजातहरु पेश गर्ने कृषकहरुको स्थलगत अनुगमनका लागी कृषि अधिकृत सविन देवकोटा र पशु ना प्र स झलक सुवेदीलाइ सातै वार्डहरुमा स्थलगत अनुगमनका लागी पठाउने निर्णय गरियो ।

निर्णय नं.२ - दशौ गाउँसभा एवं हिउदे सभा मिति २०७८ पौष महिनाको २९ गते सभा बोलाउका लागी प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायलाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ३- हरिनास गाउँपालिका वार्ड नं. १ बस्ने निवेदक मेघ वहादुर मानन्धरको बुहारी सुमित्रा मानन्धरलाइ उपचारका लागी रु ५००००।- , हरिनास ४ बस्ने बिन्दु कुमारी बि.क.लाइ रु ५००००।- र हरिनास -२ बस्ने धनवहादुर थापाको श्रिमती इन्द्रकुमारी थापालाइ मृगौला सम्वन्धी उपचार गर्नका लागी रु ५००००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४- वार्ड नं. ४ को कार्यालय रोदीखोलामा कार्यालय सहयोगी पदमा कार्यरत चन्द्रप्रकाश रिजालको उमेरको हदका कारण अवकास भएकोले सो पदमा एक जना कार्यालय सहयोगी राख्नका लागी बिज्ञापन गर्ने निर्णय गरियो ।

निर्णयनं. ५- बिद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको १५ दिने सूचना प्रकाशनका लागी शिक्षा शाखा प्रमुख लक्ष्मी कार्कीलाइ जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. ६- आ.ब. २०७८।०७९ का लागी संघिय सरकारबाट सशर्त हस्तान्तरी कार्यक्रम अन्तरगत नविकरणिय उर्जा प्रविधि जडानका लागी सौर्य उर्जा तर्फ तिनलाख पचास हजार सुधारिएको चुल्होका लागी चारलाख र बायोग्यासका लागी पचास हजार रकम छुट्टाइ सामान खरिद गर्ने र सौर्य उर्जा मग्यामचिसापानी स्वास्थ्य चौकीमा जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ यस चालु आ.ब.मा कृषकहरुका लागी कृषि उत्पादन वृद्धि गर्न निःशुल्क बितरणका लागी पलाष्टिक टनेल पाचलाख बराबर र पोलिथिन पाइप पाचलाख बरावर का सामाग्री खरिद गरि ल्याइ कृषिकहरुलाइ बितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ पुतलीबजार कप स्तरिय पुरुष भलिवल खेलका लागी यस हरिनास गाउँपालिकाबाट सहभागी हुने खेलाडीहरुका लागी खाना खाजा र यातायात खर्चको व्यवस्थापन पालिकाबाट गर्ने निर्णय गरियो ।

खिम नारायण मानन्धर
अध्यक्ष

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner